# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
# को
# नियमावली

१. **कम्पनीको नाम र मूल कार्यालय:**

क) कम्पनीको नाम:

यो कम्पनीको नाम "**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**" रहने छ । अंग्रेजीमा यसलाई "**इण्डष्ट्रियल डिष्ट्रिक्ट म्यानेजमेन्ट लिमिटेड**" "**INDUSTRIAL DISTRICT MANAGEMENT LIMITED"** छोटकारीमा **"I. D. M. L."** भनिनेछ ।

ख) कम्पनीको मूल कार्यालय काठमाण्डौंमा रहनेछ ।

२. **परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:

क) "कम्पनी" भन्नाले कम्पनी ऐन २०६३ वमोजिम स्थापित भएको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड सम्झनु पर्छ ।

ख) "कम्पनी ऐन" भन्नाले कम्पनी ऐन २०६३ लाई सम्झनु पर्छ ।

ग) "नियमावली" भन्नाले यस नियमावली र समय समयमा हुने यसको संशोधनहरुलाई समेत सम्झनु पर्छ ।

घ) "कार्यालय" भन्नाले कम्पनीको मूल कार्यालयसमेत सम्झनु पर्छ ।

ङ) "संचालक" भन्नाले कम्पनीको तत्कालको संचालक सम्झनु पर्छ र सो शब्दले बैकल्पिक संचालक समेत जनाउंछ ।

च) "समिति" भन्नाले कम्पनीका संचालकहरूको समिति सम्झनु पर्छ ।

छ) "सम्बन्धित विभाग" भन्नाले नेपाल सरकारको उद्योग विभाग सम्झनुपर्छ ।

ज) "रजिष्टर" भन्नाले कम्पनीमा रहेका शेयरवालाहरूको दर्ता किताव सम्झनु पर्छ ।

झ) "प्रोक्सी" भन्नाले रितपूर्वक मूकरर गरिएका प्रतिनिधिलाईसमेत जनाउंछ ।

ण) "शेयरवाला" भन्नाले कम्पनीको एक वा एकभन्दा वढी शेयर खरीद गर्ने व्यक्ति सम्झनूपर्छ ।

ट) "शेयर" भन्नाले कम्पनीको शेयर पुंजीको खास खास मूल्य र संख्यामा विभाजित गरिएको शेयर सम्झनु पर्छ ।

ठ) "लिखित वा लेखेर" भन्नाले मूद्रण लिथोग्राफी र शब्दहरुलाई दृष्टिगोचर हुने गरी प्रतिनिधित्व गर्ने अरु साधनहरुसमेत वुझाउंछ ।

ड) "एक वचन" शब्दले वहुवचन र "वहुवचन" शब्दले एकवचन जनाउंछ ।

ढ) "पुलिङ्ग" शब्दले स्त्रीलिङ्गसमेत जनाउंछ ।

ण) "व्यक्ति" शब्दले संस्थासमेत वुझाउंछ ।

त) "वर्ष" भन्नाले नेपाली वर्ष विक्रम सम्वत वैशाखदेखि चैत्र मसान्तसम्म जनाउंछ तथा "आर्थिक वर्ष" भन्नाले एक श्रावण देखि अर्को वर्षको असार मसान्तलाई जनाउंछ ।

३. यो कम्पनी, कम्पनी ऐन, २०६३ अन्तर्गतको सरकारी कम्पनी हो, तदनुसार

क) नेपाल सरकारको निर्देशानुसार संचालक समितिले आवश्यक विधि अपनाई कम्पनीको शेयर वितरण तथा वांडफांट वा दाखिल खारिज गर्न सकिने छ ।

४. **कम्पनीको उद्देश्य:**

प्रवन्धपत्रमा व्याख्या गरिएका सवै वा तीमध्ये कुनै उद्देश्यहरु पूरा गर्ने उद्देश्यले यो कम्पनीको गठन गरिएको छ ।

५. <u>सिमित दायित्व:</u>

शेयरवालाहरुको दायित्व निजहरुले लिन कवुल गरेको शेयरको अधिकतम रकम सम्ममात्र सिमित छ ।

६. <u>शेयर पुंजी:</u>[१]

क) रु.१००। दरको ५,००,००,००० साधारण शेयरहरुमा विभाजित हुने गरी कम्पनीको अधिकृत पुंजी रु.५,००,००,००,०००। (पाँच अर्ब) हुने छ । उक्त पूँजीमध्ये हाल रु. ५,००,००,००,०००। (पाँच अर्ब)को शेयर जारी गरिने छ ।

ख) कम्पनी ऐनको अधिनमा रही साधारण सभामा विशेष प्रस्ताव पास गरी कम्पनीले आफ्नो पूंजी घटबढ गर्न, शेयर पुंजीलाई तत्कालको लागि विभिन्न श्रेणीमा विभाजन गर्न, तिनीहरुलाई क्रमश: प्रिफरेन्स तथा अन्य अधिकार, हक संलग्न गर्न, यस्ता हकलाई अदल बदल संशोधन वा रद्द गर्न र वढी दर वा घटी दरका शेयरहरु निष्काशन गर्न सकिने छ ।

७. <u>शेयर:</u>

क) शेयरहरु संचालक समितिको नियन्त्रणमा रहने छन् । नेपाल सरकारको निर्देशनमा समितिले आफुले ठहराएका व्यक्तिलाई ठहराए अनुसारको विधि तथा शर्तमा शेयरहरु वितरण, वांडफाड वा दाखिल खारिज गर्न सक्ने छ ।

ख) शेयर खरिदको निमित्त दिईने प्रत्येक दरखास्तसाथ चुक्ता गर्नु पर्ने रुपैयाँ, शेयरको मूल्यको २५ प्रतिशतभन्दा घटी हुने छैन ।

ग) कुनै शेयरको वांडफांडको शर्तमा त्यसको मूल्यपूर्ण रुपमा वा आंशिकरुपमा किस्तावन्दीमा लिनु पर्ने गरिएको भए त्यस्तो प्रत्येक किस्ता जसको नाममा सो शेयर तत्काल दर्ता गरिएको छ सो व्यक्तिले वा निजको कानुनी हकदारले निश्चत समयमा कम्पनीलाई बुझाउनु पर्छ ।

घ) जसको नाममा शेयर तत्काल दर्ता भएको छ उसलाई मात्र कम्पनीको सो शेयरको एक मात्र हकदार मान्ने छ । अधिकारप्राप्त अदालतको आदेश भई आएमा बाहेक अरु कसैले कम्पनीको त्यस्ता शेयरउपर गरेको दावीलाई मान्यता दिन कम्पनी वाध्य हुने छैन ।

ङ) शेयर लिमिटेड कम्पनी वा अरु संस्थाको नाममा दर्ता गर्न सकिने छ र ४ जना भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता गरिने छैन ।

८. <u>शेयरको प्रमाणपत्र:</u>

क) शेयरवालाहरुलाई शेयरको प्रमाणपत्र दिंदा कम्पनीको छाप र कम्तीमा दुई जना संचालकहरुको दस्तखत गराई दिईनेछ ।

ख) त्यस्तो प्रत्येक प्रमाणपत्रमा सिलसिला नम्बरसहित शेयरको संख्या र त्यसको भुक्तानी भएको रकम जनिने छ ।

ग) प्रत्येक शेयरवालाले आफ्नो नाममा दर्ता भएको शेयरहरुको एउटै प्रमाणपत्र वा प्रत्येक शेयरको भिन्दा भिन्दै प्रमाणपत्र पाउन सक्ने छ ।

घ) कुनै प्रमाणपत्र झुत्रो भएमा वा विग्रेमा संचालक समितिछेउ सो दाखिल भएपछि समितिले सो रद्द गर्न लगाई त्यसको वदलामा नयां प्रमाणपत्र दिन सक्ने छ । कुनै प्रमाणपत्र हराए वा नासिएको पक्षमा त्यसको धनीले सो हराएको वा नोक्सान भएको थाहा पाएको ३५ दिन भित्र कम्पनीको मूल अफिसमा दरखास्त गर्नु पर्छ । त्यसरी दरखास्त पर्न आएमा समितिले कम्पनी ऐनको दफा २४ को उपदफा (४) वमोजिम चाहिदो रित पुऱ्याई सो हराएको वा नष्ट भएको प्रमाणपत्रको सट्टामा नयां प्रमाणपत्र दिन सक्ने छ । यस दफाअनुसार नयां प्रमाणपत्र लिंदा कम्पनीलाई प्रत्येक प्रमाणपत्रको ने.रु.१०। दस्तुर बुझाउनु पर्छ ।

ङ) दुई वा दुईभन्दा बढी व्यक्तिहरू मिली संयुक्तरुपले शेयर लिएकोमा तिनीहरुमध्ये जसको नाम कम्पनीको दर्ता कितावमा सबभन्दा अघि लेखिएको छ उसैलाई शेयरको प्रमाणपत्र दिइने छ ।

९. <u>भुक्तानीको मांग:</u>

---

[१] *मिति २०७७३।२३ गते सम्पन्न २१ औं वार्षिक साधारणसभाद्वारा संशोधित ।*

क) शेयर विक्रीसम्बन्धी शर्तहरुको अधिनमा रही संचालक समितिले आफुले उपयुक्त देखेबमोजिम समय समयमा शेयरवालाहरुलाई निजहरुले लिएको शेयरवापत बुझाउनु पर्ने बांकी रुपैयांको भुक्तानीको मांग (कल) गर्न सक्नेछ र त्यस्तो प्रत्येक शेयरवालाले यसरी गरिएको प्रत्येक कलको रकम संचालक समितिले तोकेको समय र स्थानमा तोकेको व्यक्तिलाई बुझाउनु पर्छ । शेयरको बांकी रकम किस्ताबन्दीमा भुक्तानी गर्नु पर्ने गरी कल गर्न सकिने छ । संचालक समितिले कुनै कल गर्न अख्तियारी दिई प्रस्ताव पास गरेपछि सो कल गरिएको मानिनेछ ।

ख) माथि लेखिएबमोजिम शेयरवापत बुझाउनु पर्ने बांकी रुपैयांको भुक्तानीको निमित्त कम्पनीले ३० (तीस) दिनको म्याद र स्थान तोकी प्रत्येक शेयरवालाहरुलाई कम्पनी ऐनमा तोकिएको ढांचामा लिखित सूचना पठाउनु पर्छ ।

ग) कुनै शेयरवालाले कुनै कलको भुक्तानी गर्नु पर्ने रकम वा किस्ता रकम तोकिएको मितिसम्ममा पनि भुक्तानी नगरेमा सोवापत निजले भुक्तानी गर्न तोकिएको मितिले वास्तविक भुक्तानी भएको मितिसम्म थप १ एकको ५ पांच प्रतिशतका दरले व्याज तिर्नु पर्नेछ । त्यस्तो व्याजको रकम सबै वा केही तिर्न नपर्ने निर्णयको अधिकार समितिलाई रहनेछ ।

१०. <u>जफत:</u>

क) कुनै शेयरवालाले भुक्तानी गर्नु पर्ने कलको रकम वा किस्ता रकम तोकिएको मितिसम्ममा पनि भुक्तानी नगरेमा त्यसरी भुक्तानी नगरी बांकी राखेको जुनसुकै बखत संचालक समितिले कम्पनी ऐनबमोजिम १५ दिनको म्याद तोकी भुक्तान नगरिएको कलको रकम वा किस्ता रकम, त्यसमा एक वर्षको ५ पांच प्रतिशतको दरले तत्काल हुन आउने व्याज र सो रकम भुक्तान नगरिएवापत कम्पनीले तत्कालसम्म व्यहोर्नु परेको खर्चसमेत सबै एकमुष्ट तोकिएको समय र स्थानमा तोकिएको व्यक्तिलाई बुझाउनु भन्ने व्यहोराको सूचना निज शेयरवालालाई पठाउन सक्नेछ । लेखिएबमोजिम रुपैयां बुझाएन भने शेयर जफत हुने कुराको पनि उल्लेख सो सूचनामा गरिनेछ ।

ख) माथि लेखिएवमोजिम सूचना दिंदा पनि शेयर वापत बझाउनू पर्ने रकम भुक्तानी नगरी बांकी राखेको जुनसुकै वखत तत्सम्वन्धी शेयर वा शेयरहरुलाई समितिवाट पास भएको प्रस्ताव अनुसार जफत गर्न सकिने छ र यस किसिमको निर्णय शेयर जफतको अन्तिम प्रमाण हुनेछ । त्यस्तो शेयर वा शेयरहरु जफत गर्दा सो शेयर वा शेयरहरुको सम्वन्धमा घोषित भएको तर जफत हुनु भन्दा अगावै भुक्तानी नभएको सवै लाभांशहरु समावेश गरिनेछ ।

तर सो शेयरवालाले उक्त किस्ता रकम भुक्तान गर्न नसकेको कुनै मनासिव कारण देखाई उपनियम (क) मा उल्लेखित म्याद नाघेको तीन महिनाभित्र दरखास्त दिएमा संचालक समितिले सो शेयरवापत भुक्तान भएजति रुपैयांको चुक्ता किस्ताको शेयरकोरुपमा कायम राख्न सक्ने छ ।

ग) माथि उप नियम (ख) मा लेखिएबमोजिम कुनै शेयर जफत गरिएपछि जफत हुनुभन्दा अघिसम्म सो शेयर जुन शेयरवालाको नाममा कायम रहेको थियो निजलाई जफतसम्बन्धी पास भएको प्रस्तावको सूचना पठाइने छ र जफत गरिएको कुरा र मितिसमेत तुरुन्त रजिष्टरमा चढाईने छ ।

घ) यसरी जफत गरिएको शेयर कम्पनीको सम्पत्ति हुनेछ र सो शेयरलाई समितिले उपयुक्त देखेवमोजिमको शर्त र तरिकावाट वेच विखन, पून वाडंफांड वा अरु किसिमवाट टुंग्याउन सक्नेछ ।

ङ) शेयर जफत भएपछि सो शेयर उपरको सवै हकहरु समाप्त हुनेछ र सो शेयरवापत कम्पनीको विरुद्ध कुनै हक दावी लाग्न सक्तैन ।

११. <u>शेयरमाथि लियन:</u>

क) शेयरवालाले कम्पनीलाई शेयरको भुक्तान गर्नु पर्ने रुपैयांवापत निजहरुका नाममा दर्ता भएको सवै शेयरहरु, त्यस्को विक्रीवाट आउने सवै रुपैयां र त्यस्ता शेयरहरुको सम्वन्धमा समय समयमा घोषित गरिने सवै लाभांशहरुमाथि कम्पनीको सवभन्दा पहिले लियन रहने छ, र त्यस्तो शेयरहरुको सम्वन्धमा तिरीनु पर्ने सवै लाभांशहरुउपर पनि कम्पनीको लियन रहने छ ।

ख) त्यस्तो लियन लागू गर्ने प्रयोजनको निमित्त संचालक समितिले आफुले उपयुक्त देखेवमोजिम आफ्नो लियन भएको शेयरहरु विक्री गर्न सक्नेछ । तर कम्पनीको वांकी जुन रकमवापत सो शेयरउपर लियन रहेको छ

सो रकम भुक्तानी गर्न दिइएको म्याद नपूगेसम्म र त्यसरी विक्री गर्ने मनसायको लिखित सूचना त्यस्ता शेयरवाला वा निजको कानुनी हकवालालाई नपठाएसम्म सो शेयर वा शेयरहरु विक्री गर्न सकिने छैन ।

ग) त्यस्तो शेयर विक्रीबाट उठेको रकमबाट कम्पनीलाई सो लियनअन्तर्गतको शेयरवापत तत्काल भुक्तानी गर्न बांकी रहेको जति सबै रकम भर्ना गरिनेछ र त्यसबाट पनि रकम वचत हुन आएमा त्यस्तो शेयरहरूवापत तत्काल भुक्तानी गर्नुपर्ने नभएतापनि, पछि भुक्तानी गर्नुपर्ने कुनै रकम भए सो वापत सो वचत रकममा सोहीवमोजिम रहने लियनको अधीनमा रही सो वचत रकम त्यस्तो शेयरवाला वा निजको कानुनी प्रतिनिधिलाई वूझाइनेछ ।

घ) यस अघिका दफाहरुअन्तर्गत अधिकार प्रयोग गरी जफत गरिएको कुनै शेयर वा लियन लागू गर्न कुनै शेयर विक्री गरिएपछि समितिले त्यसरी विक्री गरेको शेयरको नामसारीको लिखत तयार गराउन कुनै व्यक्तिलाई नियुक्त गर्न र सो शेयर खरीद गर्ने व्यक्तिको नाममा (सो शेयर दर्ता गराउन सक्ने छ ) त्यसरी शेयर खरीद गर्ने व्यक्तिले सो शेयर विक्रीको कारवाईमा नियमित भए नभएको र शेयरको मोलवापत खरिद भएको रकमको उपयोग भए नभएको हेरीरहन कर लाग्ने छैन । त्यस्तो शेयरको सम्वन्धमा निजको नाम दर्ता किताबमा चढाईसकेपछि कुनै पनि व्यक्तिले सो शेयर विक्रीको शेयरलाई लिएर प्रश्न पठाउन सक्ने छैन । सो विक्रीवाट कसैलाई हानी नोक्सानी हुन गएमा सो हानी नोक्सानीको दावी कम्पनीउपरमात्र लाग्न सक्नेछ ।

१२. <u>शेयर हस्तान्तरण:</u>

क) कम्पनीको शेयरहरु कानुनबमोजिम चल सम्पत्ति सरह नामसारी गरिदिन वा धितो वन्धकीमा राख्न पाईने छ । तर कम्पनीका संस्थापकहरुले लिएको शेयरहरु कम्पनीको प्रथम साधारणसभा नभएसम्म र त्यस्तो शेयरको रकम पूरा चुक्तानगरेसम्म हक छाडी दिन वा धितो वन्धक राख्न हुँदैन ।

ख) कम्नीको शेयर शेयरवालाबाहेक अरुलाई हक छाडी दिनु पर्दा वा धितो वन्धक राख्दा संचालक समितिको स्वीकृति अनिवार्य हुने छ ।

ग) उप नियम (ख) बमोजिम शेयर धितो वन्धक राखिएकोमा वा हक छाडी दिइएकोमा सो लिने व्यक्तिले सो व्यहोरा कम्पनीको श्रेस्तामा जनाउन वा दाखिल खारिज गर्न कम्पनी ऐनमा उल्लेखित ढांचाको दरखास्तसाथ सम्बन्धित लिखतको १ (एक) प्रति  सो शेयरको प्रमाणपत्र कम्पनीको मुल कार्यालयमा दाखिल गर्नु पर्छ ।

घ) शेयर धितो वन्धक वा दाखिल खारिज दर्ताको लागि कसैको कुनै दरखास्त परेमा सो दाखिल भएको ३५ ( पैंत्तिस) दिनसम्म साविक शेयरवालाको कुनै उजूरी प्राप्त नभएमा धितो वन्धक लिए दिएकोमा सो लिने दिने व्यक्तिको नाम सो दिएको मिति, रकम र शर्तहरु दर्ता कितावमा जनाइने छ । सो धितो वन्धकीको रकम भुक्तानी प्राप्त भए पछि त्यस्तो धितो वन्धकीको सम्बन्धमा दर्ता कितावमा चढाईएको लगत कट्टी गरिने छ । शेयरहरु छोडी दिए लिएको हकमा सो लिखतको छोटकरी विवरणसमेत दर्साइ नामसारी गर्ने व्यक्तिको नाम खारिज गरि लिने व्यक्तिको नाममा सो शेयर दर्ता गरिने छ ।

ङ) शेयर खारिजको सम्बन्धमा हकवेहकसम्वन्धी कुनै कुराको उजूर परेमा अदालतको अन्तिम निर्णयअनुसार गरिने छ ।

च) दर्ता कितावमा धितो वन्धकी लिएको वा शेयर दाखिल खारिज भएको कुरा दर्ता गर्दा संचालक समितिको पूर्व स्वीकृति अनिवार्यत: आवश्यक हुने छ ।

छ) शेयरको दाखिल खारिज सो प्रयोजनको निमित्त राखिएको दर्ता कितावमा तोकिएवमोजिम दर्ता गरिने छ र त्यस्तो दर्ता कितावमा संचालक समितिद्वारा अधिकृत प्रतिनिधिहरुको दस्तखत रहने छ ।

ज) धितो वन्धकी वा शेयर दाखिल खारिजको लागि दरखास्त दिने व्यक्तिले सो धितो वन्धकी वा शेयर दाखिल खारिज गराउनको निमित्त कम्पनीलाई रु.१०। (दश) दस्तूर बुझाउनु पर्छ ।

झ) कुनै शेयरमा कम्पनीको लियन छ वा समितिको विचारमा दाखिल खारिज गरी लिनेलाई शेयरवाला गर्न योग्य देखेन भने शेयर दाखिल खारिज इन्कार गर्न समितिको अधिकार हुने छ र सो इन्कार गर्नाको कारण दिई रहन समितिलाई कर लाग्ने छैन ।

ञ) दाखिल खारिज गरी लिने व्यक्तिको नाममा शेयर दर्ता नगरिएसम्म दाखिल खारिज गर्ने व्यक्ति नै सो शेयरको धनी मानिने छ ।

ट) निम्नलिखित अवस्थामा कम्पनीले कुनै शेयरको दाखिल खारिज वा धितो वन्धकी दर्ता गर्न इन्कार गर्न सक्ने छ ।

१) शेयरवापतको पुरा रुपैंया भुक्तान नगरिएको भएमा,

२) नियम १२ को उपनियम (ग) बमोजिम पेश गर्नुपर्ने लिखत र शेयरको प्रमाणपत्र दरखास्तसाथ दाखिल नभएमा,

३) शेयर नामसारी गर्नमा कुनै वाधा अडकाउ भएमा,

४) नियम १२ को उपनियम (ज) बमोजिम दस्तूर दाखिल नगरेमा,

ठ) कुनै शेयरको धितो वन्धकी जनाउन वा दाखिल दर्ता गर्न अस्वीकृत भएमा शेयर नामसारी गरी लिने र दिने दुवैलाई सो कुराको सूचना निजहरुको दरखास्त प्राप्त भएको मितिले ३५ दिन भित्र दिईने छ ।

ड) कुनै शेयरवालाको मृत्यु भएमा वा निजले आफ्नो जायजेथा साहूलाई दामासाही गराई वा अरु कुनै व्यहोराले निजको शेयरमा प्रचलित नेपाल कानुनवमोजिम अरु कुनैको हक हुनआएमा सो कुराको सवूत प्रमाणसाथ सो वमोजिम हक प्राप्त भएको व्यक्तिले कम्पनीमा दरखास्त दिएमा माथि नियम १२ को उपनियम (ट) को अधिनमा रही सो शेयर निजको नाममा दाखिल खारिज गरिने छ ।

१३) <u>शेयर पुंजी अदल वदल:</u>

क) कम्पनीले साधारणसभामा विशेष प्रस्ताव पास गरी तथा सम्वन्धित विभागको स्वीकृति लिई उक्त प्रस्तावमा तोकिएको मूल्यको शेयरहरुमा विभाजित हुने गरी आफ्नो शेयर पुंजी वढाउन सक्नेछ ।

ख) नयां निष्काशन गरिएका शेयरहरु कम्पनीको साधारणसभाले निर्णय गरेअनुसार प्रथमत: कम्पनीमा दर्ता भएको शेयरवालाहरुलाई निजहरुको चुक्ता भएको पूंजीको अनुपातमा समान मूल्यमा वा प्रिमियममा वा डिस्काउण्टमा विक्री गरिने छ । त्यसरी विक्रीमा दिने प्रस्ताव निकाल्दा विक्रीको प्रस्ताव निकालेको मितिले कम्तीमा १५ दिनको म्याद तोकी शेयरवालाहरुलाई लिखित सूचना दिइने छ, सो म्यादभित्र कुनै शेयरवालाले लिन नआएमा ती शेयरहरु निजहरुले लिन मन्जूर नगरेको मानिने छ र समितिले कम्पनीको सर्वोतम हित हुने तरिकामा त्यस्तो नयां शेयरहरुको व्यवस्था गर्ने छ ।

ग) कम्पनीले विशेष प्रस्तावद्धारा आफ्नो शेयर पूंजीलाई कम्पनी ऐनअनुसार सम्वन्धित विभागको स्वीकृति लिई घटाउन सक्नेछ ।

१४. <u>ऋण लिने अधिकार:</u>

कम्पनी ऐनको अधिनमा रही संचालक समितिले आफ्नो तजवीजले समय समयमा कम्पनीको प्रयोजनको निमित्त ऋणहरु लिन, उठाउन र त्यसवाट हुने रकम वा रकमहरु भुक्तानी गराउन सक्नेछ । समितिले आफूले उचित देखेको तरिकामा तथा शर्तमा खास गरेर सवै वा केही जायजेथाप्रति व्ययभार हुने डिवेन्चर, स्टकको निष्काशनद्वारा कम्पनीको ऋणका रकमहरु भुक्तान गराउन सक्नेछ ।

१५. <u>साधारणसभा:</u>

क) कम्पनीको साधारणसभा निम्न प्रकारका हुने छन्:

१) प्रारम्भिक साधारणसभा ।

२) वार्षिक साधारणसभा ।

३) विशेष साधारणसभा ।

ख) कम्पनीको प्रारभिक साधारणसभा कम्पनी दर्ता भएको मितिले ६ महिना भित्र गरिनेछ ।

ग) कम्पनीको वार्षिक साधारणसभा प्रारम्भिक सभा भएको १ वर्षभित्र गरिने छ र त्यसपछि प्रत्येक वर्ष कम्पनीको आर्थिक वर्ष पूरा भएको ६ महिना भित्र वार्षिक साधारणसभा गरिने छ ।

घ) कम्पनी ऐन वमोजिम कम्पनीको हरेक शेयरवालालाई प्रारम्भिक साधारणसभा तथा वार्षिक साधारणसभाको हकमा कम्तीमा २१ दिनको र विशेष साधारणसभाको हकमा कम्तीमा १५ दिनको पूर्व सूचना दिइनेछ

त्यस्तो सभा सम्वन्धी प्रत्येक सूचनामा सभा हुने ठाउं, मिति र छलफल हुने विवरण पनि समावेश गरिनेछ ।

ङ) वार्षिक साधारणसभावाहेक अरु सवै साधारणसभालाई विशेष साधारण सभा मानिने छ ।

च) समितिले आवश्यक देखेमा जुनसुकै वखत पनि विशेष साधारणसभा वोलाउन सक्नेछ । कम्पनीको चुक्ता पुंजीको कम्तीमा १० प्रतिशत शेयर लिने शेयरवालाले वा शेयरहरुको जम्मा संख्याको कम्तीमा २५ प्रतिशत शेयरवालाहरुले विशेष कारण खोली विशेष असाधारण सभा गराउन माग गरेमा संचालक समितिले कम्पनीको विशेष साधारण सभा बोलाउनू पर्छ । त्यस्तो दरखास्त गरेको मितिले ३५ पैंतीस दिनभित्र समितिले विशेष साधारणसभा वोलाई नदिएमा सम्वन्धित विभागमा शेयरवालाहरुले उजुर दिई सम्वन्धित विभागद्वारा त्यस्तो सभा गराउन सक्ने छ ।

१६. <u>साधारणसभाको कार्यविधि:</u>

क) नाफा नोक्सानको हिसाव, वासलात, समिति र लेखापरीक्षकको प्रतिवेदन लिने र त्यसमाथि विचार गर्ने, संचालकहरु रोज्ने, लेखापरीक्षकको नियूक्ति गरी तिनीहरुको पारिश्रमिक तोक्ने, लाभांश घोषणा गर्ने र साधारण सभाद्वारा गर्नुपर्ने अरु कार्यहरु सम्पादन गर्ने काम वार्षिक साधारणसभाको हुनेछ ।

ख) साधारणसभामा उपस्थित भई मत प्रदान गर्न पाउने शेयरवालाहरुको जम्मा संख्याको ५० प्रतिशत शेयरवाला स्वयम् वा प्रतिनिधिद्वारा उपस्थित भएमा साधारणसभाको गणपुरक संख्या (कोरम) पुगेको मानिने छ । त्यस्तो सभामा २ (दुई) जना शेयरवालाहरुको स्वयम उपस्थिति अनिवार्य हुनेछ ।

ग) उपनियम (ख) मा लेखिएवमोजिमको संख्यामा शेयरवालाहरु उपस्थित नभएमा कम्तीमा ७ दिनको अर्को सूचना दिई अर्को पटक सभा वोलाउंदा त्यस्तो स्थगित भएको सभामा कम्तीमा दुईजना मतदानको अधिकारी शेयरवालाहरु स्वयम उपस्थित भएमा पनि सभाको गणपुरक संख्या (कोरम) पुगेको मानिने छ ।

घ) प्रत्येक साधारणसभामा समितिका अध्यक्षले सभापतित्व गर्ने छन् । त्यस्तो कुनै अध्यक्ष नभएमा वा निज सभामा उपस्थित हुन असमर्थ भएमा निजको अनुपस्थितिमा उपस्थित शेयरवालाहरुले वहुमतद्वारा आफुहरुमध्ये मत दिन पाउने एकजना शेयरवालालाई सभापति छान्ने छन् ।

ङ) कुनै साधारणसभामा काम कार्यहरु शुरु गर्दा आवश्यक कोरमको उपस्थिति नभई कुनै कार्य सम्पादन गरिने छैन ।

च) साधारणसभाको अध्यक्षले कोरम पुगेको सभाको स्वीकृत लिई सो सभालाई एक समयवाट अर्को समयमा र एक स्थानबाट अर्को स्थानमा स्थगित गर्न सक्ने छ । तर एक सभामा राखिएको काम कार्यहरु नसिद्धि अर्को पटक बस्ने गरी सभा स्थगित गरिएमा अघिल्लो सभामा नसिद्धि बांकी रहेको काम कार्यहरु बाहेक अरु कुनै काम कार्य सम्पादन गरिने छैन ।

छ) साधारणसभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गरिने छ । विशेष प्रस्तावउपर छलफल गर्न साधारणसभा बोलाइएमा सो सभामा कम्तीमा दूई तिहाई (२/३) मत दिन पाउने शेयरवालाहरु वा उनीहरुका अधिकारप्राप्त प्रतिनिधिहरुको उपस्थिति अनिवार्य हुने छ ।

१७. <u>शेयरवालाहरुको मत:</u>

क) सभामा निर्णयको निमित्त राखिएको प्रत्येक प्रस्तावमा प्रथमत: हात उठाई निर्णय गरिने छ । शेयरवालाहरुमा राय बाझीने गरी मत बराबर हुन गएमा हात उठाई वा पोलमा नै मत लिने मांगगरे अनुसार मतदान गरिएको भएतापनि सो सभाका सभापतिले शेयरवालाको हैसियतमा आफूले दिन पाउने एक वा सो भन्दा बढी मतहरु र निर्णय मतसमेत दिन पाउने छन् ।

ख) पोलमा वा हात उठाई मतदान गर्दा आफै उपस्थित भई वा प्रतिनिधिद्वारा मत दिने प्रत्येक शेयरवालाले कम्पनी ऐनको अधिनमा रही आफूले लिएको प्रत्येक शेयरको एक मत दिन पाउने छ ।

ग) कुनै शेयरमा संयूक्त शेयरवालहरु भएमा त्यस्तो साझेदारहरुद्वारा मनोनित साझेदारले वा निजले मनोनित गरेको प्रतिनिधिले र सोवमोजिम कुनै साझेदार मनोनित हुन नसकेमा शेयरवालाहरुको दर्ता कितावमा ती साझेदारहरुमध्ये जसको नाम क्रमानूसार अघि लेखिएको छ निजलेमात्र सभामा आफै उपस्थित भई वा प्रतिनिधिद्वारा सो शेयरवापत मत दिन पाउने छ ।

घ) कुनै शेयरवालाले लिएको कुनै शेयरवापत कम्पनीलाई भुक्तानी गर्नुपर्ने कलको रकम वा अन्य रकम सबै पूरा गरी भुक्तान नगरेसम्म त्यस्ता शेयरवालाले साधारणसभामा आफै उपस्थित भई वा प्रतिनिधिद्वारा वा अरु शेयरवालाको प्रतिनिधि भई मत दिन पाउने छैन ।

ङ) प्रतिनिधि नियुक्त गर्दा कम्पनी ऐनमा उल्लेखित ढांचामा नियुक्त गर्ने व्यक्तिको हस्ताक्षरले लेखेको लिखित नियूक्ति पत्र हुनूपर्छ । नियुक्त गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियूक्ति पत्रमा सो संस्था वा कम्पनीको सामान्य छापसहित अधिकृत व्यक्तिको दस्तखत परेको हुनू पर्छ ।

च) प्रतिनिधिको नियूक्ति पत्र सो पत्रमा उल्लिखित व्यक्तिले मत दिन चाहेको सभा वा त्यसको स्थगित भई अर्को पटक वोलाइएको सभा हुने कम्तीमा ४८ घण्टा अगावै वा पोलमा मतलिने सो लिने समयले कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर अफिसमा दाखिल हुनू पर्छ । सोवमोजिम नगरेमा त्यस्तो लिखितलाई मान्यता दिइने छैन ।

छ) (प्रोक्सी) प्रतिनिधिको नियूक्ति पत्र (प्रोक्सी) मा लेखिएका शर्तहरु वमोजिम दिइएको मत सो मत दिनुअगावै नियूक्ति गर्ने व्यक्तिको मृत्यु भएमा वा लिखित खारिज गरिएमा वा जून शेयरवापत मत दिएको हो सो शेयरको नामसारी भएमा पनि मान्य हुनेछ । तर त्यस्तो मृत्यु भएको, वहूलाएको, लिखित खारिज भएको वा शेयर नामसारी भएको लिखित सूचना सभा हुनूभन्दा अगावै कम्पनीको अधिकारमा नआएको हुनू पर्छ । तर नेपाल सरकार र नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको संगठित संस्थाहरुले मात्र शेयर लिएको अवस्थामा दफा १५ मा उल्लेखित सभाहरु नेपाल सरकारको निर्देशानुसार हुने छ ।

१८. <u>संचालक समिति:</u>

क)[२] नेपाल सरकारले कम्पनीको संचालन गर्नको निमित्त वढीमा सात सदस्य भएको एक संचालक समिति गठन गर्ने छ । नेपाल सरकार र नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरुवाहेक अन्य व्यक्तिले कम्पनीको शेयर खरिद गरेमा अध्यक्षलगायत वढीमा *तीन* सदस्य नेपाल सरकारले मनोनित गर्ने र बांकी *दुई* सदस्य कम्पनीका शेयरवालाहरुमध्येवाट साधारणसभाले निर्धारण गर्नेछ ।

ख) माथि दफा (क) वमोजिम नियुक्त भएको संचालकहरुमध्येवाट नेपाल सरकारले अध्यक्ष तोक्ने छ र निजहरुको कार्यावधि नेपाल सरकारको इच्छाधिन हुन सक्ने छ ।

ग) प्रत्येक संचालकहरुलाई निजले समितिको प्रत्येक वैठकमा भाग लिई गरेको सेवावापत पारिश्रमिककोरुपमा प्रत्येक सभाको निमित्त रु.३००। वा साधारणसभाद्वारा तोकिएको रकम कम्पनीको कोषवाट दिइनेछ ।

घ) नियमितरुपले समितिको वैठक हुने इलाकाको वाहिर तत्काल वसोवास गर्ने कुनै संचालकले समितिको वैठकमा भाग लिन वा कम्पनीको कामको सम्वन्धमा सो इलाकामा आउंदा र त्यहांवाट फर्कदा निजले तत्सम्वन्धी कामको निमित्त व्यहोर्नु परेको भ्रमण तथा अन्य खर्च उक्त पारिश्रमिकको अतिरिक्त थप समितिले दिन मिलाउन सक्ने छ ।

ङ) कम्पनीको अतिरिक्त सेवामा संचालकलाई वोलाईएमा कम्पनीले साधारण सभामा निर्णय गरेअनुसार निजलाई प्रति महिना निश्चित पारिश्रमिकको रुपमा यस अधिका दफाहरुमा उल्लिखित पारिश्रमिकमा थप पारिश्रमिक दिन सक्नेछ ।

च) साधारणसभाले संचालकहरुलाई प्रोत्साहन दिन सम्वन्धित विभागको स्वीकृती लिई खास मुनाफाको ५ प्रतिशतमा नवढाई पुरस्कार दिन सक्नेछ ।

छ) साधारणसभाको निर्णय सम्वन्धित विभागको स्वीकृतिवमोजिमवाहेक कुनै संचालकले कम्पनीमार्फत आफूलाई व्यक्तिगत फाइदा हुने काम गर्न हुंदैन ।

ज) वीचमा संचालकहरुको पद रिक्त भएमा सो रिक्त स्थानको पुर्ति समितिले गर्नेछ ।

झ) माथि नियम १८ को उपनियम (क) मा निर्धारित संचालकहरुको अधिकतम संख्यामा नवढाई समयसमयमा वैकल्पीक संचालकहरु नियुक्त गर्ने अधिकार समितिलाई रहनेछ । तर यसरी नियुक्त भएका संचालकहरुले

---

[२] कम्पनीको १८ औं वार्षिक साधारणसभाद्वारा संशोधित ।

कम्पनीको आगामी वार्षिक साधारणसभामा आफ्नो पदवाट अवकाश लिनु पर्नेछ र तीवाहेक पुन: निर्वाचनको निमित्त योग्य हुनेछन् ।

ञ) संचालकहरुको पदावधि र अवकाश गर्ने तरिका कम्पनीले साधारणसभा अथवा नेपाल सरकारले समय समयमा निर्णय गरेवमोजिमको हुनेछ ।

ट) कार्यकाल समाप्त भई संचालकको पदवाट अवकाश लिने व्यक्ति संचालक पदमा पुन नियुक्त हुन सक्नेछ ।

ठ) कम्पनीको सवै किसिमको कारोवार निमित्त संचालक समितिले नियमहरु वनाउने, अदलवदल गर्न र रद्द गर्न सक्नेछ ।

१९. <u>संचालक समितिको कार्यविधि:</u>

क) आवश्यक्ताअनुसार कम्पनीको कामहरु सम्पादन गर्नको लागि समितिको वैठक वस्न सक्नेछ । त्यस्तो स्थगित गर्न र वैठकहरुलाई उचित देखिए अनुसार व्यवस्थित गर्न सक्नेछ ।

ख) मतदान गर्न अधिकारप्राप्त संचालकहरुको जम्मा संख्याको कम्तीमा ५० प्रतिशत संख्यालाई समितिको वैठकको गणपुरक संख्या (कोरम) मानिनेछ ।

ग) एक वर्षमा कम्तीमा ६ पटक संचालक समितिको बैठक बोलाइनेछ तर कार्यकारी प्रमुख आफैले वा संचालकको अनुरोधमा जुनसुकै बखत पनि समितिको बैठक बोलाउन सक्नेछ ।

घ) समितिको बैठकमा संचालकहरुको स्वयं उपस्थिति अनिवार्य छ ।

ङ) समितिको बैठकमा समितिको अध्यक्षले अध्यक्षता गर्नेछ र त्यस्तो अध्यक्ष नभएमा वा निज समितिको बैठकमा उपस्थित नभएमा उपस्थित संचालकहरुले आफुहरुमध्ये एकजनालाई अध्यक्ष रोज्ने छन् ।

च) समितिको बैठकमा उठेको प्रश्नको निर्णय बहुमतबाट गरिने छ । राय बाझिन गई मत बराबर भएमा अध्यक्षले अर्को वा निर्णायक मत दिन पाउनेछ ।

छ) समितिमा सम्पूर्ण सदस्यहरुले सहीछाप गरि पास गरी दिएको लिखित प्रस्तावलाई विधिवत बोलाइएको समितिको बैठकमा पास भएसरह मान्यता दिइनेछ ।

२०. <u>संचालकहरुको अयोग्यता:</u>

क) निम्नलिखित कुनै पनि अवस्था परेमा संचालकहरु बहाल रहन पाउने छैन:

१) मगज बिग्रमा वा पागल भएमा,

२) साहूको ऋण तिर्न नसकेमा, दामासाहिमा परेमा,

३) कुनै प्रकारको चोरी वा ठगी गरिएको वा आफ्ना जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दूरुपयोग गरेको अभियोगमा अदालतबाट कशूरदार ठहरि सजाय पाएको ,

४) सम्वन्धित कम्पनीको कुनै ठेक्का पट्टा वा करारमा कुनै प्रकारको निजी स्वार्थ भएको ।

५) उचित कारण खोली संचालक समितिलाई जनाउ नदिई लगातार ३ पटक सो समितिको बैठकमा अनुपस्थित भएमा,

६) निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

७) कम्पनीको काम कारवाईमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

८) साधारणसभाको दुई तिहाई बहुमतले संचालकको पदबाट हटाउने प्रस्ताव पास गरेमा,

९) सम्वन्धित विभाग वा संचालक समितिलाई बरोबर अटेर गरेमा ।

२१. <u>संचालक समितिको अधिकार:</u>

क) कम्पनीको कार्य प्रवन्धको भार समितिमा रहने छ । कम्पनीलाई प्रवन्धपत्र तथा नियमावलीद्वारा वा अरु किसिमबाट प्रयोग गर्न वा सम्पादन गर्न प्रदान गरिएका अधिकार र कम्पनीले साधारणसभामा प्रयोग गर्नुपर्ने तथा कार्यान्वित गर्नुपर्ने भनी ऐनद्वारा निर्देशित नभएको तथा अनावश्यक ठहराएका सबै अधिकारहरु कम्पनी ऐन तथा नियमका दफाहरु र कम्पनीले समय समयमा ऐनको प्रतिकूल नहुने गरी बनाएका विनियमहरुको अधिनमा रही समितिले प्रयोग गर्न र सबै काम कुराहरु सम्पादन गर्न पाउने छ । माथि दफाद्वारा प्रदत्त सामान्य अधिकार तथा यस नियमावलीद्वारा प्रदान गरिएको अरु अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी समितिले निम्नलिखित अधिकारहरु प्रयोग गर्न पाउने छ :

१) कम्पनीको निमित्त कम्पनीले प्राप्त गर्न पाउने कुनै पनि सम्पत्ति हक वा सूविधाहरु उचित देखेको मूल्यमा खरीद गर्न वा अन्य तरिकावाट प्राप्त गर्ने ।

२) कम्पनीले प्राप्त गरेको कुनै सम्पत्ति, हक वा सूविधाहरुको निमित्त वा कम्पनीको लागि गरिएको सेवाहरुको निमित्त परल मूल्य वा दस्तुर वापत पूरा वा आंशिकरुपमा कम्पनीको नगद रुपैयां तिर्ने वा शेयर, डिवेन्चर वा सिक्योरिटीहरु दिने ।

३) कम्पनीको प्रयोजनको निमित्त तत्काल आवश्यक नपरेको रुपैंया कम्पनीको शेयरवाहेक हक उचित ठहरिएको जमानत वा अन्य तरिकामा लगाउने र यसरी गरिएको लगानीलाई समय समयमा अदलवदल गर्ने वा असुल उपर गर्ने ।

४) समय समयमा उचित देखिएवमोजिम स्थायी वा अस्थायी वा विशेष सेवाहरुमा मेनेजर, सेक्रेटरी, अफिसर, एकाउण्टेण्ट, एजेन्ट, कामदार कारिन्दा नियुक्त गर्ने, त्यसरी नियुक्त गरिएका सवै वा कुनैलाई हटाउने वा सस्पेन्स गर्ने, तिनिहरुको अधिकार निर्धारित गर्ने, तिनीहरुको तलव भत्ता, अनुदान, पेन्सन आदि तोक्ने ।

५) उचित ठहरिएअनुसार आफुहरुमध्ये कसैलाई आफुले सुम्पिएको अधिकार फिर्ता लिने ।

६) कम्पनीको तर्फवाट वैंकहरुमा कम्पनीको खाता खोल्ने र संचालन गर्ने, कम्पनीको व्यवसाय चलाउन आवश्यक एवं उपयुक्त भएका वील अफ एक्सचेन्ज, प्रमिशरी नोट, हूण्डी, चेक, ड्राफ्ट र अरु लिखतहरु काट्ने, स्वीकार गर्ने, दस्तखत गर्ने र सो कामको निमित्त आफुमध्ये कसैलाई वा कम्पनीका अधिकृतलाई लिखित अधिकार सूम्पने ।

७) कम्पनीलाई तिरेको वा तिर्नु पर्ने रुपैंया वा कम्पनीको दावी वा मांग पूरा भएवापत भरपाई, करकारक अरु छुटकाराहरु दिने ।

८) कम्पनी वा त्यसका पदाधिकारीहरुको तर्फबाट वा विरुद्ध वा कम्पनीको कारोवारसंग सम्वन्ध भएको मुद्दा मामिला चलाउने, मिलापत्र गर्ने, परित्याग गर्ने, प्रतिरक्षा गर्ने ।

९) कम्पनीले लिनूपर्ने वा दिनुपर्ने ऋण पूरागर्न म्याद दिने लिने, कम्पनीको तर्फबाट वा विरुद्धमा गरेको दावी वा मांगहरुलाई मध्यस्थ पठाउने र त्यसबाट भएको निर्णयको पालन गर्ने ।

१०) यस अघि लेखिएका सबै कुराको निमित्त वा त्यसको सम्वन्धमा वा कम्पनीको प्रयोजनका निमित्त उचित देखिएबमोजिम कम्पनीको नाममा वा कम्पनीको तर्फबाट सम्झौता र ठेक्का पट्टाहरु गर्ने, त्यस्ता ठेक्का पट्टाहरुलाई रद्द गर्ने, संशोधन गर्ने र अन्य सबै काम कारवाई गर्ने ।

२२. <u>कम्पनीको छाप:</u>

समितिले कम्पनीको छाप सुरक्षितसाथ राख्ने व्यवस्था गर्नेछ । कम्पनीको छाप रहने प्रत्येक लिखतमा समितिद्वारा अधिकृत कम्तीमा एक जनाको दस्तखत हुनेछ ।

२३. <u>माइन्युटहरु:</u>

संचालक समितिले सबै साधारणसभाको र समितिको बैठकहरुको माइन्युटहरु सो कामको निमित्त राखिएका कितावहरुमा छुट्टा छुट्टै रितपूर्वक लेखाई राख्नु पर्छ, विशेष साधारणसभाका माइन्युटमा सो सभाको सभापति र सो सभाद्वारा नियुक्त गरिएका कम्तीमा एकजना संचालक र एकजना शेयरवालाको दस्तखत परेको छ भने ती माइन्युटहरुमा निर्णय भएका कुराहरुको सवुत प्रमाण मानिने छ ।

२४) <u>लाभांश र जगेडा:</u>

क) वार्षिक साधारणसभामा कम्पनीले प्रिफरेन्सिल अधिकार निहीत भएको शेयरहरु (कुनै भएमा) त्यसमा अधिकार भएका व्यक्तिहरुको अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी शेयरवालाहरुलाईं बांडिने लाभांश घोषणा गर्ने छ । संचालक समितिले सिफारिश गरेकोभन्दा बढी लाभांश घोषणा गरिने छैन ।

ख) कलको रकम वा शेयर सम्वन्धि तत्काल भुक्तानी लिनुपर्ने अरु कुनै रकम भुक्तानी नदिएवापत कम्पनीको हक लाग्ने शेयरको लाभांश कम्पनीले रोकि लिन पाउनेछ ।

ग) कुनै शेयर दाखिल खारिज गरिएको कारण सो दाखिला खारिज दर्ता नगरिएसम्म सो शेयरवापत लाभांश पाउने हक दाखिल खारिज गर्ने व्यक्तिबाट दाखिल खारिज गरी पाउने व्यक्तिमा रहेको मानिने छैन ।

घ) कुनै शेयरहरुको दुई वा सोभन्दा बढी संयूक्त धनीहरुमध्ये कुनै एकजनाले सो शेयरवापत लाभांश बुझी रसिद दिएको सदर हुने छ ।

ङ) भुक्तानी नदिएको लाभांशमा व्याज दिइने छैन ।

च) समितिले समय(समयमा लाभांश सिफारिश गर्नुअघि कारोवार नियमितरुपले र कुशलतापूर्वक चलाउन, आकष्मिक खर्च चलाउन, डिवेन्चर, ऋृण र कम्पनीको अरु दायित्वहरु पूरागर्ने, लाभांश बराबर गर्ने, कम्पनीको लगानीमा हुने डिप्रिसिएशन पुर्ति गर्ने, कम्पनीको भवन मेशीनरी र अरु सम्पत्तिलाई बढाउन, मर्मत गर्न, हेरफेर वा राम्रो अवस्थामा राख्न, कम्पनीको हितकोलागि आवश्यक देखिएका अरु प्रयोजनहरुको निमित्त कम्पनीको मूनाफाको उपयुक्त अंश जगेडा तथा डिप्रिसिएशन कोषको निमित्त अलग छूट्याउन सक्नेछ र त्यसरी छूट्याइएको रकमलाई आफूले चाहेको लगानी वा सिक्योरिटीहरुमा लगाउन, कुनै बैंकमा डिपोजिट राख्न वा कम्पनीको कारोबारमा लगाउन सक्नेछ ।

छ) समितिले समय समयमा कम्पनीको अवस्था विचार गरी न्यायोचित देखेको आन्तरिम लाभांश सदस्यहरुलाई बांड्न सक्नेछ ।

ज) लाभांश घोषित भएको मितिले एक वर्ष सम्म कसैले दावी नगरेको लाभांशलाई समितिले कसैको दावी नपरेसम्म कम्पनीको हित हुने काममा लगाउन वा उपयोग गर्न सक्ने छ । लाभांश घोषित भएको मितिले तीन वर्षसम्म कसैले दावी नगरेको लाभांशलाई समितिले कम्पनीको हितको निमित्त जफत गर्न सक्नेछ । तर त्यसरी जफत गरि सकेपछि पनि समितिले आफुले उचित देखेको अवस्थामा यो जफत वदर गर्न सक्नेछ ।

२५. <u>हिसाव किताव र श्रेस्ता:</u>

क) समितिले कम्पनीको कारोवारको वास्तविक र दुरुस्त स्थिति देखिने गरी कार्यालय हिसाब किताव र श्रेस्ता नेपालीमा राख्न लगाउनू पर्छ । कम्पनीले आफ्नो सूविधाको लागि नेपाली साथै अंग्रेजीमा पनि श्रेस्ता राख्न सक्नेछ । तर सोवमोजिम दुई वटा श्रेस्ता राखिएकोमा नेपालीमा राखिएको श्रेस्ता नै प्रमाणित मानिने छ ।

ख) कम्पनीको हिसाव किताव तथा श्रेस्ता कम्पनीको मूल कार्यालयमा राखिने छ र अफिसको समयमा संचालकद्वारा निरिक्षणको लागि खुल्ला रहनेछ ।

ग) शेयरवालाहरुले कम्पनीको हिसाव तथा श्रेस्ताहरु निरिक्षण गर्न खोजेमा कहां कहिले कतिसम्म हिसावहरु कुन नियम, शर्त, वन्देजहरुमा तिनीहरुलाई देखाउने हो समितिले समय समयमा ठहराउने छ । साधारणसभाको प्रस्ताव वा संचालक समितिको स्वीकृति वा ऐनले हेर्न पाउने विषयवाहेक कम्पनीको कुनै पनि श्रेस्ताहरु सदस्यहरुलाई हेर्न तथा जांच्न दिइने छैन । कम्पनीको हितको निमित्त गोप्य राख्नु पर्ने कुनै कुरा रहेछ भने त्यस्ता कुराहरु सदस्यहरुलाई देखाउन कम्पनी वाध्य हुने छैन ।

२६. <u>लेखापरीक्षक:</u>

क) सालको एक पटकमा नघटाई कम्पनीको हिसाव किताव जांच्न मूकरर भएको लेखापरीक्षक वा लेखापरीक्षकहरुले जांची वासलात तथा नाफा र नोक्सानको हिसाव ठिक भए नभएको ठहराउने छन् ।

ख) पहिला लेखापरीक्षक वा लेखापरीक्षकहरु कम्पनीको प्रारम्भिकसभा हुनूअघि संचालक समितिले मूकरर गर्नेछ र निजहरुको मेहनताना ठेकि दिने छ त्यसपछिका लेखापरीक्षकहरु कम्पनीको वार्षिक साधारणसभाले नियुक्ति गर्ने छ र निजहरुको मेहनताना ठेक्ने छ ।

ग) विचमा लेखापरीक्षकको पद रिक्त भएमा सो स्थानको पुर्ति संचालक समितिद्वारा सम्वन्धित विभागको स्वीकृति लिई गरिने छ, यसरी नियुक्त भएका लेखापरीक्षकको मेहनताना उक्त समितिद्वारा निर्धारण गरिने छ । तर नेपाले सरकार, नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाहरुले मात्र शेयर खरिद गरेको अवस्थामा कम्पनीको लेखापरीक्षक महालेखापरीक्षकले तोकेवमोजिम हुने छ ।

२७. <u>सूचना:</u>

क) कम्पनीले कुनै शेयरवालालाई पठाउने सूचना मानिस वा हुलाकद्वारा निजको रजिष्टर्ड भएको ठेगानामा पठाइने छ । कुनै शेयरवालाको रजिष्टर्ड ठेगाना भएका सो प्रयोजनको निमित्त कम्पनीलाई कुनै न कुनै ठेगाना दिई राखेको भए सोहि ठेगानामा सूचना पठाइने छ ।

ख) कुनै शेयरवालाको ठेगाना दर्ता नभएको र आफ्नो ठेगानामा पनि कम्पनीलाई दिइराखेको नभएमा कम्पनीको रजिष्टर्ड अफिस रहेको इलाकाको आसपासको कुनै प्रमूख समाचार पत्रहरुमा सूचना प्रकाशित भएको मितिमा सो सूचना त्यस्तो शेयरवालालाई वूझाएको मानिने छ ।

ग) सांझेदार शेयरवालालाई पठाउनू पर्ने सूचना निजहरुमध्ये जसको नाम कम्पनीको रजिष्टर्ड कितावमा सवभन्दा अगाडि लेखिएको छ, उसैको नाममा पठाइने छ ।

घ) रितपुर्वक नाम, ठेगाना लेखि चाहिंदो टिकट टांसी सूचना हुलाकद्वारा पठाइएपछि सो सूचना वुझाइएको मानिनेछ । अन्यथा प्रमाणित भएमावाहेक हुलाकको सामान्य अवस्थाअनुसार पत्र पाउने वेला देखिनै सूचना लागूभएको मानिने छ ।

२८. **विघटन:**

कम्पनी खारिज गर्दा कम्पनीको हर हिसाव सवै जांची कम्पनीको जायजेथावाट कम्पनी ऐनअनुसारको क्रमले कम्पनी खारिज गर्दा लागेको खर्च र ऋण दायित्वहरु तिरि वांकी भएको रकम शेयरवालाहरुलाई शेयरको दामासाहिले वाडिने छ ।

२९) **दायित्वको पूर्ति:**

कम्पनी ऐनको अधिनमा रहि प्रत्येक संचालक, अफिसर तथा कम्पनीका अन्य कर्मचारीहरुले कम्पनीको काम गर्दा तथा आफ्ना आफ्ना कर्तव्य पालन गर्दा भएको सवै व्यय, प्रमाण तथा अन्य खर्च हानी तथा दायित्व तिनीहरुको वेइमानी वा जानी जानी वा वेवास्ता गरेको कार्यवाट भएको रहेनछ भने कम्पनीको कोषवाट पूर्ति गरिने छ ।

३०. **गोपनियता:**

कम्पनीका प्रत्येक शेयरवाला, संचालक, महाप्रवन्धक, प्रवन्धक, लेखापरीक्षक, अफिसर, एकाउण्टेण्ट, कर्मचारी वा अरु काममा लगाइएका व्यक्तिहरुले कम्पनीका ग्राहकहरुसंगको सवै लेनदेन कारोवार र व्यक्तिहरुसंगको रुपैयांको हिसाव र तत्सम्वन्धी सवै कुराहरु पूरा गर्दा गोप्य राख्नु पर्दछ ।

[३]हामी तल सही गर्ने व्यक्तिहरु यो नियमावलीअनुसार कम्पनीकारुपमा संगठीत हुन इच्छुक भई क्रमश: हामीहरुको नामअघि लेखिएवमोजिमका शेयरहरु लिन स्वीकार गर्दछौं ।

| शेयर लिने व्यक्तिहरुको नाम र वतन | प्रत्येकले लिएको साधारण शेयर संख्या | दस्तखत | साक्षीहरुको सही, नाम तथा वतन |
|---|---|---|---|
| नेपाल सरकार, अर्थ मन्त्रालय | ६९,३१,६२० शेयर | | |
| नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ७,१४,४५६ शेयर | द. राधारमण उपाध्याय | द. ध्रूव राजबंशी |
| नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय | ४,९९,९५९ शेयर | द. शिवचन्द्र श्रेष्ठ | द. रेमन्त कार्की |
| राष्ट्रिय वाणिज्य बैंक, काठमाण्डौं | ९३,६४५ शेयर | द. अजीतनारायणसिंह थापा | द. रमेशचन्द्र प्याकूऱ्याल |

[३] मिति २०७७।३।२३ गते बसेको कम्पनीको २१ औं साधारणसभाबाट संशोधन ।